### ५. बीमा अवधि समाप्ती भुक्तानी (Maturity Benefit)

यस बीमालेख अन्तर्गत बीमा अवधिभर बीमित बालबालिका जीवित रहेमा मूल बीमाङ्क रकम र आर्जित बोनस प्रदान गरिनेछ।

## अतिरिक्त लाभहरु:

### दुर्घटना मृत्यु लाभ सुविधा (ADB)(ऐच्छिक )

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरि ऐच्छिक सुविधा अन्तर्गत दुर्घटना मृत्यु लाभ लिन सकिनेछ । यो सुविधा अन्तर्गत बीमा अवधिभित्र बीमालेख चालु रहेको अवस्थामा दुर्घटनाको कारणले प्रस्तावकको मृत्यु भएमा दुर्घटना मृत्यु लाभ बापतको बीमाङ्क रकम (अधिकतम रु ५० लाख) सम्म लिन सकिनेछ ।

### घातक रोग सम्बन्धी सुविधा (CI)

कम्पनीले निर्धारण गरेको अतिरिक्त शुल्क भुक्तानी गरी ऐच्छिक सुविधा अन्तर्गत १८ प्रकारका घातक रोग सम्बन्धी उपचार खर्च सुविधा लिन सकिनेछ। बीमालेख चालु अवस्थामा रही घातक रोग बापत अतिरिक्त शुल्क भुक्तानी गरेको अवस्थामा प्रस्तावकलाई सुचिकृत १८ प्रकारका घातक रोगहरु मध्ये कुनै एक रोग निरुपण (Diagnosis) भएमा अधिकतम रु. ५० लाखमा नबढ्ने गरी घातक रोग बापतको बीमाङ्क रकम उपचार खर्च बापत प्रदान गरिनेछ ।

## बीमाङ्कमा छुट

| | |
|---|---|
| रु. १०,००,००० देखि २०,००,००० | रु. १ |
| रु. २०,००,००१ देखि ५०,००,००० | रु. २ |
| रु. ५०,००,००१ र सोभन्दा माथि | रु. ३ |

## बीमाशुल्कमा छुट तथा थप

| | |
|---|---|
| वार्षिक | २ प्रतिशत |
| अर्धवार्षिक | १ प्रतिशत |
| त्रैमासिक | छैन |
| मासिक | ५ प्रतिशत थप |

यसमा उल्लेख गरिएका जानकारीहरु ग्राहकहरुको मार्गदर्शन को लागि मात्र हो । माथि उल्लेखित शर्त तथा सुविधाहरुमा फरक परेमा बीमालेख बमोजिम हुनेछ । साथै उल्लेखित शर्त तथा सुविधाहरु समय समयमा बीमा प्राधिकरण (नियमनकारी निकाय) द्वारा जारी ,निर्देशित तथा शंसोधित व्यवस्था तथा बीमा ऐन बमोजिम हुने हुनाले अद्यावधिक जानकारीको लागि कम्पनीमा सम्पर्क राख्नुहोला ।



SUNLIFE
सबैका लागि सुरक्षा, शिक्षा र समृद्धि

# सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि.




## साकार हुन्छ बालबालीकाको सुनौलो र समृद्ध भविष्यको कल्पना

:01-4536126 : 9801234444
: sunlife.com.np : info@snlic.com

# सुनौलो बाल समृद्ध जीवन बीमा
## (Golden Child Endowment Assurance Policy)

सन नेपाल लाइफ सुनौलो बाल समृद्ध जीवन बीमा योजना बालबालिका प्रति लक्षित मुनाफामा सरिक हुने जीवन बीमा योजना हो। यो बीमा योजना अन्तर्गत नियमित रुपमा बीमाशुल्क भुक्तानी गर्न र एकैचोटी बीमाशुल्क तिरेर ढुक्क बस्न चाहने व्यक्तिहरुको लागि एकमुष्ठ बीमाशुल्क भुक्तानी तरिका पनि उपलब्ध रहेको छ। एउटै बीमालेखबाट बालबालिका र अभिभावक (आमा अथवा बुवा) गरि दुइ जनाको जोखिम बहन गर्नु यो योजनाको मुख्य विशेषता हो।

## योजना छनौट गर्दा चाहिने योग्यताहरु:

| | न्यूनतम | अधिकतम |
|---|---|---|
| प्रवेश उमेर (बालबालिकाको) | ३१ दिन | १७ वर्ष |
| प्रवेश उमेर (प्रस्तावकको) | १८ वर्ष | ५५ वर्ष |
| बीमा अवधि | ५ वर्ष | २५ वर्ष |
| बीमा समाप्तिमा प्रस्तावकको अधिकतम उमेर | ६५ वर्ष | |
| बीमा अवधिमा बीमितको अधिकतम उमेर | २५ वर्ष | |
| बीमाङ्क रकम | रु २,००,०००/- | नियमानुसार |
| बीमा शुल्क भुक्तानि तरिका | वार्षिक, अर्ध-वार्षिक, त्रैमासिक, मासिक वा एकमुष्ठ | |

## योजनाका प्रमुख सेवा सुविधाहरु

### १. जोखिम वहन प्रारम्भ मिति (Risk Start Period)

बालबालीकाको हकमा: बीमा प्रारम्भ मितिबाट २ वर्ष पछिको मिति वा बीमित बालबालिकाको उमेर ६ वर्ष पूरा भए पछिको बिमालेखको बार्षिकोत्सव मिति, जुन घटना पछि घट्छ सोहि मिति देखि जोखिम वहन प्रारम्भ हुनेछ। १० वर्ष उमेरका बालबालीकाको सम्बन्धमा बीमा प्रारम्भ मितिबाट १ वर्ष पछि र ११ वर्ष माथि उमेरका बालबालीकाको हकमा जीवन बीमा चालु भएको मिति देखि नै जोखिम वहन प्रारम्भ हुनेछ।

प्रस्तावकको हकमा: बीमा प्रारम्भ मितिबाट नै जोखिम प्रारम्भ सुरु हुन्छ ।

### २. Lumpsum Death Benefit

बीमा अवधिभरमा बीमालेख चालु रहेको अवस्थामा कुनैपनि समयमा प्रस्तावकको मृत्यु भएमा बीमालेख अन्तर्गत कायम पुरै बिमाङ्क रकम प्रदान गरिनेछ ।



### ३. मासिक आय तथा बीमाशुल्क छुट सुविधा (PWB and MIB Benefit)

बीमा अवधिभरमा बीमालेख चालु रहेको अवस्थामा कुनैपनि समयमा प्रस्तावकको मृत्यु भएमा बीमालेख अन्तर्गत आगामी वर्षहरुमा तिर्नु पर्ने बीमाशुल्क रकम तिर्नु नपर्ने गरी मिनाह गरिनेछ। साथै सोही मितिबाट पुरै बीमा अवधिसम्म हुने गरी बीमांक को २ प्रतिशत सम्म मासिक आय सुविधा प्रदान गरिनेछ।

### ४. मृत्यु लाभ (Death Benefit)

क) प्रस्तावकको मृत्यु भएमा: बीमा समाप्त हुनु अगावै प्रस्तावकको मृत्यु भएमा Lumpsum Death Benefit सुविधा अन्तर्गत पूर्ण बीमाङ्क रकम भुक्तानी गरिन्छ। बीमाशुल्क छुट सुविधा अनुसार त्यस पश्चात् तिर्न बाँकी रहेको बीमाशुल्क भुक्तानी गर्नु नपर्ने गरी छुट गरिनेछ। मासिक आय सुविधा अन्तर्गत बिमित बालबालिकाको लागि मूल बीमांक रकमको २ प्रतिशत रकम मासिक आय सुविधा प्रदान गरिनेछ। यस्तो बीमाशुल्क छुट तथा मासिक आय सुविधा बीमालेख समाप्ती मितिसम्म प्रदान गरिनेछ।

ख) बीमित बालबालिकाको मृत्यु भएमा: यदि जोखिम सुरु हुनु अघि नै बीमित बालबालिकाको मृत्यु भएको अवस्थामा, भुक्तानी गरिएको सबै प्रिमियम फिर्ता गरिनेछ (Rider Premium बाहेक), र बीमा योजना स्वत: रद्ध हुनेछ।
जोखिम सुरु भएपछि बीमित बालबालिकाको मृत्यु भएमा, मूल बीमाङ्क रकमको २५% बराबर रकम र आर्जित बोनस वा भुक्तानी गरिएको बीमाशुल्क रकम मध्ये (जुन धेरै हुन्छ) सोहि रकम भुक्तानी गरिने छ र बीमालेख स्वत: रद्ध हुनेछ।

ग) बीमित बालबालिका र प्रस्तावकको एकै साथ मृत्यु भएमा: बीमित बालबालिका र प्रस्तावकको एकै साथ बीमा अवधि भित्र मृत्यु भएमा प्रस्तावकको मृत्यु बापत Lumpsum Death Benefit अन्तर्गत पुरै बिमांक रकम र बीमितको मृत्यु बापत बीमांकको २५ प्रतिशत रकम र आर्जित बोनस प्रदान गरिनेछ ।

घ) प्रस्तावकको मृत्यु पछि बीमित बालबालिकाको मृत्यु भएमा: बीमा अवधि भित्र प्रस्तावकको मृत्यु पछि बीमित बालबालिकाको मृत्यु भएमा, हकवाला व्यक्तिलाई मूल बीमाङ्कको २५% बराबरको रकम र आर्जित बोनस भुक्तानी वा मूल बीमाङ्क रकमको लागि भुक्तानी गरिएको सम्पूर्ण बीमाशुल्क रकम (जुन धेरै हुन्छ) भुक्तानी गरिनेछ र बीमा योजना स्वत: रद्ध हुनेछ।